# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको बाणगङ्गा सिंचाइ व्यवस्थापन कार्यालय, तौलिहवा, कपिलवस्तुसङ्ग सम्बन्धित स्वतः प्रकाशन

(Pro-active Disclosure)

लुम्बिनी प्रदेश सरकार ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय बाणगङ्गा सिंचाई व्यवस्थापन कार्यालय तौलिहवा, कपिलवस्तु

## २०८२ कार्तिक ०१ गतेदेखि २०८२ पुष मसान्त सम्म

### १. कार्यालयको स्वरुप र प्रकृतिः

बाणगङ्गा सिंचाइ व्यवस्थापन कार्यालय, लुम्बिनी प्रदेश सरकारको उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय अन्तर्गत रहेको कार्यालय हो । यसले सिंचाइ सम्बन्धि सेवा उपलब्ध गराउँछ ।

### २. कार्यालयको काम कर्तव्य र अधिकारः

- सम्वन्धित कार्य क्षेत्रमा भएका नहर, बाँध तथा अन्य संरचनाहरुको रेखदेख तथा हेरविचार गर्ने ।
- कृषक, उपभोक्ताहरुको माग बमोजिम पानी उपलब्ध गराउन सिंचाइ प्रणालीको सञ्चालन तालिका अध्यावधिक राख्ने र सो अनुसार नहर सञ्चालन गर्ने / गराउने ।
- सिंचाइ नीति अनुसार सिंचाइ सेवा शुल्क लगत अध्यावधिक राख्ने र जल उपभोक्ता संस्थालाई सिंचाइ सेवा शुल्क उठाउन सहयोग गर्ने ।
- सिंचाइ प्रणाली सञ्चालनमा सम्बन्धित जल उपभोक्ता संस्थाहरुको सहभागिता क्रमिक रुपमा बढाउँदै र सिंचाइ नीति अनुसार व्यवस्थापन पक्ष क्रमिक रुपमा सम्वन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गरिसकिएकोमा सोको अनुगमन / सुपरिवेक्षण गर्ने ।
- कार्यालय अन्तर्गतका नहर प्रणालीहरुको नियमित मर्मत गर्नु पर्ने संरचनाहरुको सम्वन्धित उपभोक्ताहरुसङ्ग सरसल्लाह र समन्वय गरी प्राथमिकताको आधारमा मर्मत संभार गर्दै जाने ।
- कार्यालय अन्तर्गत रहेका जल उपभोक्ता संस्थाहरुको लगत अद्यावधिक गरी उनीहरुको संस्थागत विकास गर्न सहयोग गर्ने ।

### ३. स्विकृत दरबन्दी र कार्य विवरणः

| क्र.सं. | तह | सेवा | समूह | पदनाम | दरवन्दी अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दरवन्दी संख्या | दरवन्दी पूर्ति | दरवन्दी रिक्त |
| १ | नवौ/दशौ | ईरिगेशन/ एग्री | ईरिगेशन/ एग्री | सि.डि.ई. | १ | १ | |
| २ | सातौ/आठौ | ईरिगेशन/ सिभिल | सिभिल | इन्जिनियर | १ | | १ |
| ३ | सातौ/आठौ | ईरिगेशन/ एग्री | ईरिगेशन एग्री | इन्जिनियर | २ | २ | |
| ४ | पाचौ/छैटौ | ईरिगेशन | सिभिल | प्रा.अधिकृत-सब इन्जिनियर | २ | २ | |
| ५ | पाचौ/छैटौ | प्रदेश प्रशासन | सामान्य प्रशासन | प्रशासन | १ | १ | |
| ६ | पाचौ/छैटौ | प्रदेश प्रशासन | लेखा | लेखा | १ | १ | |
| ७ | चौथो/पाचौ | विविध | विविध | कम्प्युटर अपरेटर | १ | १ | |
| ८ | चौथो/पाचौ | एग्री | एग्री | सि.ए.ओ. | | | १ |
| ९ | | प्रशासन | श्रेणिबिहिन | ह.स.चा. | | | १ |
| १० | | प्रशासन | श्रेणिबिहिन | का.स. | | | २ |



CamScanner

क) कार्यालय प्रमुख

- सम्बन्धित कार्यालय क्षेत्रमा भएका नहर, बाँध तथा अन्य संरचनाहरुको मर्मत सम्भार र पुर्ननिर्माणको आवश्यकता पहिचान गरी सोको लागि अल्पकालिन तथा दिर्घकालिन योजना तथा कार्यक्रमहरु तर्जुमा गरी, गराई स्वीकृतिको लागि सम्बन्धित निकायमा पेश गर्ने / गराउने ।
- प्रत्यायोजित अधिकार बमोजिम टेण्डर आहान गर्ने, निर्माण कार्य गराउने र शर्त अनुसारको कार्य भए नभएको अनुगमन गर्ने, शर्त बमोजिम कार्य नभएमा कारवाही गर्न वा राय सहित पेश गर्ने ।
- आफ्नो कार्यालयबाट भए गरेका कामहरुको अद्यावधिक रेकर्ड राखे, मूल्याङ्कन गर्ने तथा नियमित रुपमा प्रगति विवरण तयार गर्ने / गराउने र सम्बन्धित निकायसङ्ग समन्वय गरी आफ्नो कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने / गराउने ।
- आफू मातहतका कर्मचारीहरुलाई नेतृत्व प्रदान गर्ने, कामको बाँडफाँड गरिदिने तथा ती कर्मचारीहरुको कामको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने । प्रत्यायोजित अधिकार बमोजिम अधिनस्थ कर्मचारीहरुको विदा स्वीकृत गर्ने ।
- जल उपभोक्ता संस्थालाई कार्य सञ्चालनमा दक्ष बनाउनको निमित्त आवश्यक पर्ने तलिम आदिको पहिचान गरी सञ्चालन गर्ने / गराउने ।
- सिंचाइ प्रणालीको सञ्चालन तालिका, सिंचाइ सेवा शुल्क अध्यावधिक राखे / राख्न लगाउने ।

क) इञ्जिनियर

- उपभोक्ताको माग अनुसारका मर्मत कार्यको पहिचान गर्ने / गराउने । छनौट गर्नको लागि आवश्यक प्राविधिक सल्लाह, सुझाव कार्यालय प्रमुखलाई दिने ।
- स्वीकृत बजेटको वार्षिक कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनमा आवश्यक डिजाइन सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण कार्य गर्ने / गराउने साथै कार्यान्वयन गर्दा सम्बन्ध पर्न जाने संघ-संस्था, विभाग, कार्यालय आदि सँग सम्पर्क / समन्वय राख्न कार्यालय प्रमुखलाई सघाउने ।
- निर्माण कार्य सम्पन्न भए पछि सोको भुक्तानीको लागि सिफारिस गर्ने । निर्माण सम्पन्न भैसकेपछि अनिवार्य रुपमा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने / गराउने ।
- सिंचाइ प्रणालीको सञ्चालन तालिका, नहरहरुमा पानीको वहावको लगत राखे ।

ख) सव – इञ्जिनियर/ प्राविधिक अधिकृत

- उपभोक्ता किसानको माग अनुसारको मर्मत कार्यको पहिचान, सर्भे, ड्रइङ, दर विश्लेषण तथा लगत इष्टिमेट तयार गर्ने ।
- निर्माणाधिन कार्य सुपरिवेक्षण, गुणस्तर नियन्त्रण गर्ने / गराउने । सो कार्य तोकिएको स्पेशिफिकेशन, डिजाइन, ड्रइङ वमोजिम सम्पादन गर्ने / गराउने ।
- निर्माण क्षेत्रमा भए गरेका कार्यहरुको नियमित प्रगति विवरण साइट इञ्जिनियरलाई पेश गर्ने ।
- सम्पन्न भएको कामको भुक्तानीको लागि स्थलगत नापजाँच गरी नापी किताबमा चढाई पेश गर्ने ।
- दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारीको लगत राखे । आवश्यकता अनुसार उनीहरुलाई काममा लगाउने, कामको बाँडफाँड गरिदिने । ती कर्मचारीको कामको सुपरिवेक्षण गर्ने र पारिश्रमिक भुक्तानीको लागि आवश्यक कागजात पेश गर्ने ।

लुम्बिनी प्रदेश सरकार
ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
बाणगङ्गा सिंचाई व्यवस्थापन कार्यालय
तौलिहवा, कपिलवस्तु



CamScanner

ग) सिनियर एसोसिएसन अर्गनाइजर

- कार्यालय र उपभोक्ता समितिबीच समन्वयात्मक कार्य गरी नहर सञ्चालन, नहर व्यवस्थापन र नहरको उचित रेखदेख सम्बन्धि कार्य गर्ने ।
- उपभोक्ता समितिको संस्थागत विकास सम्बन्धि कार्यहरु गर्ने ।
- सिंचाइ नीति अनुसार सिंचाइ सेवा शुल्कको लगत अध्यावधिक राख्ने र जल उपभोक्ता संस्थालाई सिंचाइ सेवा शुल्क उठाउन प्रेरित गर्ने ।
- कृषकहरुको कृषि उत्पादन र उत्पादकत्व बृद्दि गर्न कृषि तालिम तथा कार्यक्रमहरु गर्ने ।
- कार्यालय प्रमुख, इञ्जिनियर तथा सब-इञ्जिनियरले अह्राएं बमोजिम विभिन्न कार्यहरु गर्ने ।

घ) ना.सु. (प्रशासन)

- स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको पदपुर्ती भए नभएको एकिन गर्ने, सोको विवरण तयार गर्ने, र लोकसेवा आयोगमा माग गर्ने ।
- कर्मचारीहरुको सरुवा, बढुवा, नियुक्ति, काज, सजाय, प्रोत्साही पुरस्कार, तक्मा, अवकाश तथा हाजिरी, विदा र पदस्थापन आदि सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- कर्मचारीको संख्या अनुसार बजेट व्यवस्थाको लागि आर्थिक प्रशासन शाखामा पठाउने ।
- कार्यालयको चल-अचल सम्पत्तिको वैज्ञानिक ढङ्गले अभिलेख राख्ने । साथै महत्वपुर्ण अभिलेख तथा कागजातहरु सुरक्षित राख्ने व्यवस्था गर्ने ।
- कार्यालयको प्रशासनिक कामको दैनिक विवरण तयार पारी निरीक्षणको आधारमा अधिकार पालन गर्ने / गराउने।
- कार्यालयको तर्फबाट आवश्यक पत्र व्यवहार गर्ने ।
- कार्यरत कर्मचारीहरुको विवरण अद्यावधिक राख्ने ।

ङ) लेखापाल

- कार्यालयको आर्थिक प्रशासन सम्बन्धी दैनिक कार्यहरु गर्ने ।
- मन्त्रालय, महाशाखा तथा शाखाहरुलाई आवश्यकता अनुसार आर्थिक राय, सल्लाह उपलब्ध गराउने ।
- कर्मचारीहरुको औषधी उपचारको रकमको व्यवस्था गर्ने र निवृत्तिभरण तथा उपदान सम्बन्धी काम गर्ने ।
- विकास बजेटको तर्जुमा गर्न सहयोग पुर्याउने तथा रकमान्तरको व्यवस्था गर्ने ।

च) कम्युटर अपरेटर

- कार्यालयमा आवश्यक चिठीपत्रहरु टाइपिङ गर्ने, सोको फाइलिङ गर्ने ।
- कार्यालयको इमेल र सामाजिक सञ्जाल सम्वन्धिका पेज अद्यावधिक गर्ने ।
- अन्य शाखामा रहेका कम्प्यूटरको सामान्य मर्मत र रेखदेख गर्ने ।
- कार्यालयको अभिलेखलाई कम्प्यूटर प्रणालीमा सुरक्षित साथ राख्ने ।
- शाखाको कामको लागि कम्प्युटर प्रयोग गर्ने ।
- कम्प्यूटरबाट गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने र आवश्यक परेको बेलामा अन्य शाखाहरु र कार्यालय प्रमुख तथा उच्च तहका कर्मचारीहरुको निर्देशन पालना गर्ने ।
- कार्यालयले तोकेका अन्य आवश्यक कार्यहरु गर्ने ।

लुम्बिनी प्रदेश सरकार
जलस्रोत तथा सिंचाई मन्त्रालय
बाणगंगा सिंचाई व्यवस्थापन कार्यालय
तौलिहवा, कपिलवस्तु



CamScanner

४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा, जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

नागरिक बडापत्र

| क. स. | लागु भएका कार्यक्रम | कार्य विवरण | कार्यक्रमको प्रकृति | उपलब्ध हुने सेवा / सम्पादन गरिने कामको विवरण | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने विवरण | दस्तुर | जिम्मेवार कर्मचारी | समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | मर्मत सम्भार आयोजनाहरू (संघ सशर्त अनुदान) | प्रणाली भित्रका संरचनाहरूको मर्मत सुधार | लागत अनुमान तयार गरी ठेक्का सम्झौताबाट काम हुने | जिर्ण हुने अवस्थामा पुगेका / भएका / जोखिम भएका / अप्ठ्यारा / अत्यावश्यक नयाँ संरचनाहरूको निर्माण / पुनःनिर्माण | सम्बन्धित उपभोक्ता किसानहरूको माग-जल उपभोक्ता समितिभित्र छलफल / समन्वय भई कार्यालयमा सिफारिस गर्ने | नलाग्ने | सम्बन्धित / तोकिएको प्राविधिक | एक आ. व. |
| २ | सिंचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम (प्रदेश समान्यीकरण अनुदान) | | | | | | | |
| | | नहर सञ्चालन, सिचाइ प्रणालीको रेखदेख तथा सुरक्षा | नहर सञ्चालन | आवश्यक परेको बेलामा उपभोक्ता समितिसङ्ग समन्वय गरी सिंचाइ सेवा सहज गराउने | उपभोक्ता किसानहरूको आपसी छलफल | नलाग्ने | नहर सञ्चालनका लागि तोकिएको इञ्जिनियर | आवश्यकता अनुसार |
| | | | सिचाइ प्रणाली अन्तर्गतका संरचनाहरुको संरक्षण तथा रेखदेख | | पत्र / मौखिक जानकारी | नलाग्ने | | |
| | | पानी मापन, संरचना क्यलिब्रेसन | तथ्याङ्क अध्यावधिक गर्ने / पानीको माग यकिन गर्ने | समानुपातिक पानी वितरण गराउने | | नलाग्ने | सम्वन्धित / तोकिएको प्राविधिक | नहर सञ्चालनको समयमा |
| | | बाली उत्पादन सर्भेक्षण | सिचाइबाट बाली उत्पादनमा भएको प्रगति | | | नलाग्ने | | बाली लगाएपछि र काट्ने समयमा |
| | | सिचाई सेवा सङ्कलनमा अनुगमन | उपभोक्ताले सिंचाइ सेवा उपभोग गरे बापत तिरेको रकम जम्मा गरी राजस्वको अंश दाखिला गर्ने | किसानहरूमा प्रणालीप्रति जिम्मेवार बनाउने / उठेको रकमबाट मर्मत सम्भार गराउने | | नलाग्ने | सम्वन्धित / तोकिएको प्राविधिक | उपभोक्ता समितिले शुल्क उठाउने समयमा |
| | | परामर्श सेवा | कार्यालयका कर्मचारीहरूबाट हुन नभ्याउने वा विशेष ज्ञान / जनशक्ति / सिपको आवशक्ता परेमा | | | | | आवश्यकता अनुसार |
| | | संस्थागत विकास | उपभोक्ता / कार्यालय / प्रणालीको उत्यानकालागि क्षमता अभिवृद्धि गर्न समानुपातिक सहभागिता गराउने | | | नलाग्ने | सम्वन्धित / तोकिएको कर्मचारी | आवश्यकता अनुसार |



CamScanner

## ५. कर्मचारीलाई तोकिएको अन्य जिम्माहरू

| क्र. स. | थप जिम्मेवारी | कार्य विवरण / उपलब्ध हुने सेवा / सम्पादन गरिने कामको विवरण | जिम्मेवार कर्मचारी |
|---|---|---|---|
| १ | सूचना अधिकारी | १. सिंचाइ प्रणाली / कार्यालयको काम, कार्यक्रम वा अन्य कुनै जानकारी अद्यावधिक राख्ने<br>२. सूचना सम्प्रेषण गर्ने<br>३. माग भएको जानकारी सूचनाको हक अनुसार दिन मिलेसम्म दिने<br>४. सेवाग्राहीलाई सहयोग गर्ने | सम्बन्धित / तोकिएको कर्मचारी |
| २ | जन गुनासो सुन्ने अधिकारी | १. सिंचाइ प्रणाली / कार्यालयको काम, कारवाही वा अन्य कुनै कारण पर्न गएको असुविधाको जानकारी अद्यावधिक राख्ने<br>२. समाधानकालागि कार्यालयमा छलफल गर्ने<br>३. सो छलफल वा समाधानका विषयमा सम्बन्धित / सरोकारवालालाई जानकारी गराउने | सम्बन्धित / तोकिएको कर्मचारी |
| ३ | गुणस्तर नियन्त्रक | १. निर्माण कार्यको ठेक्का खुलाउनु अगावै technical specification अद्यावधिक गर्ने<br>२. निर्माण कार्य हुनु अगाडी निर्माण सामगीहरूको जाँच गर्ने / गराउने<br>३. निर्माण स्थलको निरीक्षण गर्ने<br>४. निर्माण कार्य हुँदै गर्दा पनि जाँच गर्ने<br>५. खरिद गरिएका निर्माण सामग्रीको गुणस्तर परिक्षण गर्ने / गराउने<br>६. अन्तिम बिल भुक्तानी गर्नु अघी त्रुटी सच्याउने समयभित्र सबै त्रुटी सच्याउन लगाई भुक्तानी दिन हुने / नहुने जानकारी गराउने | सम्बन्धित / तोकिएको प्राविधिक |
| ४ | नहर सञ्चालन | १. नहर / गेट सञ्चालकहरूसङ्ग समन्वय गरी सबै गेट / संरचनाहरूको वेलावेलामा निरिक्षण गर्ने / सुचारु अवस्थामा राख्ने<br>२. नहर सञ्चालनमा आइपर्न सक्ने समस्याहरूको लेखा राख्ने / समाधानको उपाय खोज्ने, छलफल गर्ने, समाधान गर्ने<br>३. कार्यालयका नहर / गेट सञ्चालकहरू र उपभोक्ता समितिसङ्ग मिलेर नहर सञ्चालन गर्ने | सम्बन्धित / तोकिएको प्राविधिक |
| ५ | खरिद इकाई | १. सार्वजनिक खरिद ऐन, नियमावली अद्यावधिक राख्ने / हुने / गराउने<br>२. आवश्यकता, उपलब्ध बजेट, खर्च, आदिको हिसाब अद्यावधिक राख्ने<br>३. हरेक खालको खरिद गर्नु पुर्व इकाईको बैठक बसी, छलफल गरी निर्णय गर्ने<br>४. निर्णय अनुसार काम कारवाही भए / नभएको जानकारी राख्ने / अद्यावधिक हुने / गराउने<br>५. केहि त्रुटी भईहालेमा सच्याउन थाहा पाउन वित्तिकै सिफारिस गर्ने / सच्याउने<br>६. नियमन गर्दा / गराउँदा समस्या परेमा / द्विविधा भएमा कोष तथा लेखा नियन्त्रक कार्यालय / सार्वजनिक खरिद अनुगमन कार्यालयसङ्ग तुरुन्तै गर्ने | सम्बन्धित / तोकिएका कर्मचारी टोली |
| ६ | मूल्याङ्कन समिति | १. सार्वजनिक खरिद ऐन, नियमावली अद्यावधिक राखे / हुने / गराउने<br>२. निर्माण कार्यको ठेक्का खुलाउनु अगावै technical specification मा मूल्याङ्कन सम्बन्धि केहि त्रुटी सच्याउन पर्ने भए जानकारी गराउने / छलफल गर्ने / त्रुटी सच्याउने<br>३. सार्वजनिक खरिद नियमावली अनुसार / technical specification मा व्यवस्था भएअनुसार मूल्याङ्कन गर्ने र सिफारिस गर्ने | सम्बन्धित / तोकिएका कर्मचारी टोली |
| ७ | लैङ्गिक सम्पर्क व्यक्ति | १. कार्यक्रम बनाउँदा तर्जुमा लैङ्गिक मैत्री बनाउन सहयोग गर्ने, लैङ्गिक अध्ययन विश्लेषण तथा परीक्षण (जेन्डर अडिट) गर्ने गराउने, लैङ्गिक सवालसँग सम्बन्धित तथ्यांक अद्यावधिक गर्ने<br>२. लैङ्गिक अवस्थाको अध्ययन, लैङ्गिक न्यायका लागि लैङ्गिक दृष्टिकोणले कर्मचारीको गुनासा सुन्ने, सोको सम्बोधनको वातावरण बनाउने<br>३. लैङ्गिक हिंसाको शून्य सहनशीलताको नीति अवलम्बन गर्ने / गराउने<br>४. लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता बनाई कार्यान्वयन गर्ने / गराउने, सोको अनुगमन गर्ने, कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारणमा पहल गर्ने | |



CamScanner

गुनासो सुन्ने अधिकारी : का. प्र. श्री कोफूला श्रेष्ठ

सूचना अधिकारी : बरिष्ठ इञ्जिनियर श्री विवेक न्यौपाने

गुणस्तर नियन्त्रक : प्राविधिक अधिकृत श्री सूर्य बहादुर लम्साल

नहर सञ्चालनको जिम्मेवार व्यक्ति : प्राविधिक अधिकृत श्री सूर्य बहादुर लम्साल/ सव-इन्जिनियर सरस्वती चौधरी

खरिद इकाई प्रमुख : बरिष्ठ इञ्जिनियर श्री खेमराज निरौला

मूल्याङ्कन समिति अध्यक्ष : बरिष्ठ इञ्जिनियर श्री विवेक न्यौपाने

लैङ्गिक सम्पर्क व्यक्ति : सरस्वती चौधरी

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

सहभागितात्मक रुपमा कार्यालय प्रमुखवाट निर्णय हुने ।

## ७. सम्पादन गरेको कामको विवरण : (२०८२ कार्तिक ०१ गते देखि २०८२ पुष मसान्त सम्मको)

| क्र.स. | कार्यक्रम | विवरण |
|---|---|---|
| | नहर सञ्चालन, सिचाइ प्रणालीको रेखदेख तथा सुरक्षा | नहर सञ्चालन (फिडर नहर - ३ महिना, मूल नहर - ३ महिना)<br>रेखदेख तथा सुरक्षा - ३ महिना |
| | आयोजना तर्जुमा र वार्षिक योजना कार्यन्वयन | ६ ठेक्का आह्वान (BIMO-BIS-NCB-01-2082/83, BIMO-BIS-NCB-02-2082/83, BIMO-BIS-NCB-03-2082/83, BIMO-BIS-NCB-04-2082/83, BIMO-BIS-NCB-05-2082/83, BIMO-BIS-NCB-06-2082/83) |

## ८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- नेपालको सविधान २०७२
- जलश्रोत ऐन २०४९
- जलश्रोत नियमावली २०५०
- सिंचाइ निति २०७०
- सिंचाइ नियमावली २०६०
- सिंचाइ कार्यविधि २०६१
- जल उपभोक्ता संस्था गठन तथा सञ्चालन कार्यविधि २०७२
- उपभोक्ता संस्था मार्फत निमार्ण कार्य सञ्चालन गर्ने र गराउने कार्यविधि, २०६९
- निजामती सेवा ऐन २०४९
- निजामती सेवा नियमावली २०५०
- आर्थिक कार्यविधि ऐन २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- भ्रमण खर्च नियमावली २०६४
- सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०७३
- सूचनाको हकसंबन्धी ऐन २०६४ र सूचनाको हकसंबन्धी नियमावली, २०६५



CamScanner

९. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण : (रु हजारमा )

| क्र.सं. | बजेट शीर्षक | सुरुको वार्षिक विनियोजन | संशोधित वार्षिक विनियोजन | अर्धवार्षिक विनियोजन | अर्धवार्षिक खर्च | वित्तीय प्रगति % (वार्षिक) | वित्तीय प्रगति % (अर्धवार्षिक) | भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालु | १,१४,४० | १,१३,२४ | ६०.०० | ३७,४३ | ३३.०५% | ६२.३८% | ८३.२२% | |
| २ | पूँजीगत | | | | | | | | |
| क | समानिकरण अनुदान | | | | | | | | |
| | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ४,३२५० | ४,२२५० | ७१,६० | २६,८३ | ६.३५% | ३७.४७% | ५५.०४% | |
| ख | सशर्त अनुदान | | | | | | | | |
| | मर्मत संभार आयोजनाहरु | ३,००,०० | ३,००,०० | ५ | - | ०% | ०% | २२.००% | |
| | कुल जम्मा | ८,४६,९० | ८,३५,७४ | १,३१,६५ | ६४,२६ | ७.६९% | ४८.८१% | ७६.२२% | |

**१०.सूचनाको हक अन्तर्गत सूचना माग्ने र पाउनेको विवरण :**

२०८२ मङ्सिर ०१ गतेदेखि २०८२ माघ मसान्तसम्म विभिन्न सूचनाको हक अन्तर्गत लिखित सूचना माग नगरेको तर समय समयमा फोनबाट आवश्यक सूचना प्रदान गर्ने गरेको ।

तयार गर्ने
श्री विवेक न्यौपाने
सूचना अधिकारी

कार्यालयको छाप
प्रमाणित गर्ने
कोफूला श्रेष्ठ
कार्यालय प्रमुख